
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३ पृष्ठ १२ | काठमाडौं, मंगलबार ३० वैशाख २०८२ | जेष्ठ कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | TUESDAY, MAY 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०




कभर स्टोरी

# जलवायुजन्य विपद्बाट मुलुकमा बर्सेनि ८३ अर्बको क्षति

## क्षतिपूर्ति दिन धनी राष्ट्रको आनाकानी

जलवायु परिवर्तनमा कार्बन (हरितगृह ग्यास) उत्सर्जनको महत्वपूर्ण योगदान रहँदै आएको छ । त्यसैकारण नेपाललगायत विकासोन्मुख तथा अल्पविकसित देशहरूले जलवायु परिवर्तनबाट भइरहेको क्षतिपूर्तिका लागि हानिनोक्सानी कोषको माग गरिरहेका छन् । ०८० मा दुबईमा भएको कोप-२८ सम्मेलनमा पनि नेपालले जलवायु न्याय र क्षतिपूर्तिको आवाज उठाएको थियो । तर, ठूला एवं धनी राष्ट्रले कोषमा योगदान गर्न आनाकानी गरिरहेका छन् । त्यसैकारण विश्वको ध्यान तान्न नेपालले सगरमाथा संवादको आयोजना गर्दै छ ।

समाचार पृष्ठ २

**सुनिता कार्की** | *काठमाडौं*
- को रिपोर्ट

## 'अपरेसन सिन्दूर' स्थगित मात्रै हो : मोदी



**अन्नपूर्ण** | *काठमाडौं*

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानको आग्रहमा भारत युद्धविराम गर्न तयार भएको बताएका छन्। सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले पाकिस्तानका डीजीएमओले सम्पर्क गरेर आग्रह गरेपछि युद्धविराम गरिएको बताए। उनले भारतको कारबाही थेग्न नसकेपछि पाकिस्तानले संसारसँग गुहार मागेको बताए। सोही क्रममा १० मेमा पाकिस्तानी पक्षले भारतीय पक्षसँग सम्पर्क गरेर युद्ध रोक्न आग्रह गरेको मोदीको भनाइ थियो।

'पाकिस्तानले तनाव कम गर्न संसारभरि गुहार मागिरहेको थियो,' मोदीले भने, 'त्यस बेलासम्म हामीले पाकिस्तानमा रहेको आतंकवादको संरचनालाई ध्वस्त पारिसकेका थियौं। आतंककारीहरू मारिएका थिए। पाकिस्ताको मुटुमा बस्ने आतंकी अड्डालाई खण्डहर बनाइदिएका थियौं। त्यसपछि पाकिस्तानबाट गुहार मागियो। कुनै आतंककारी र सैन्य दुस्साहस नदेखाउने प्रतिबद्धता जनाइयो। अनि भारतले पनि विचार गर्‍यो। म फेरि दोहोर्‍याए भन्छु, अपरेसन सिन्दूर अहिले स्थगित मात्र गरेका हौं।'

भारतका प्रधानमन्त्री मोदीले पाकिस्तानको व्यवहारमा आगामी रणनीति तय गरिने बताए। 'हामीले अपरेसन सिन्दूरलाई अहिले स्थगितमात्र गरेका छौं,' मोदीले भने, 'पाकिस्तानको प्रत्येक कदमलाई हामीले नियालिरहेका छौं। उसको व्यवहार हेरेर हामी अगाडि बढ्ने छौं।'

भारतका प्रधानमन्त्री मोदीले 'न्युक्लियर ब्लाकमेल' सह्य नहुने चेतावनी पनि पाकिस्तानलाई दिए। मोदीले पाकिस्तानको ब्लाकमेलविरुद्ध निर्णायक कदम चाल्ने चेतावनी दिए।

'भारत कुनै पनि न्युक्लियर ब्लाकमेल' सहने छैन,' मोदीले भने, 'न्युक्लियर ब्लाकमेलबाट पलाएको आतंकलाई भारतले सटिक र निर्णायक प्रहार गर्ने छ।' उनले आतंकवादलाई कुनै कुरासँग पनि दाँजेर भारतले नहेर्ने स्पष्ट पारे। 'भारतको मत एकदम स्पष्ट छ। आतंक र वार्ता एकसाथ हुने छैन,' मोदीले भने, 'आतंक र ट्रेड एकसाथ चल्ने छैन। पानी र रगत पनि एकसाथ बहने छैन। म आज विश्व समुदायलाई भन्दै छु, हाम्रो घोषित नीति रहँदै आएको छ, यदि पाकिस्तानसँग कुरा भयो भने आतंकविरुद्ध नै हुनेछ। यदि कुरा भयो भने पाक अकुपाइड कश्मीरमाथि नै हुनेछ।'

## 'कर्मचारी स्वार्थ' मा अड्कियो संघीय निजामती विधेयक

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

संघीय निजामती सेवासम्बन्धी विधेयक 'कुलिङ पिरियड र अवकाशको उमेर हद' विवादले अल्झिएको छ। कर्मचारी सेवा निवृत्त भएको कति वर्षपछि 'संवैधानिक र राजनीतिक नियुक्ति' लिन पाउने भन्ने विवादमा विधेयक अड्किएको छ। अर्थात् कर्मचारी सेवानिवृत्त पछि राजनीतिक र संवैधानिक नियुक्तिका लागि 'कुलिङ पिरियड' कति वर्ष राख्ने भन्नेमा सत्तासीन दलमै कुरा मिलेको छैन। विगतमा विधेयकहरू राजनीतिक स्वार्थमा अडकने गरेका थिए। तर, यो विधेयक भने कर्मचारीको स्वार्थको कारण अगाडि बढ्न सकेको छैन। विधेयकमा राजनीतिक तहका विवाद समाधान भइसकेका छन्। तर, माथिल्लो तहका कर्मचारी नेतृत्व पनि राजनीतिक दललाई नै प्रयोग गरेर अड्चन बनाउने काम गरिरहेका छन्। संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा पछिल्लो समय कुलिङ पिरियड र अवकासको उमेरमा विषय टुंगिन बाँकी रहेको राज्य व्यवस्था तथा सुशासन समितिले जनाएको छ।




समितिका सदस्य एवं एकीकृत समाजवादीका नेता राजेन्द्रप्रसाद पाण्डे कुलिङ पिरियड र अवकासको उमेरको सानो विषयबाहेक अधिकांश विषय समाधान भइसकेको बताउँछन्। ३/४ दिनमा सबै विवादित विषयहरू टुंगो लाग्ने पाण्डे बताउँछन्।

**कुलिङ पिरियड एक वर्ष कि दुई वर्ष ?**

कर्मचारी वृत्तले सुरुमा कुलिङ पिरियड नै राख्नु नहुनेमा ठूलो लविङ गरेको थियो। तर सम्भव भएन। कुलिङ पिरियड राख्ने विषयमा राजनीतिक सहमति भयो। तर, कति वर्ष राख्ने भन्ने विषय अहिले पेचिलो बनेको छ। एक वा दुई वर्ष राख्ने विषयमा अहिले विवाद सिर्जना गराएर निजामती विधेयक अल्झिएको छ। सत्तारुढ कांग्रेस लगायतका दल दुई वर्ष राख्नुपर्ने पक्षमा छन् तर एमालेका सांसदहरू एक वर्ष राख्ने पक्षमा छन्।

राज्य व्यवस्था समितिका सदस्य एवं एमाले सांसद पदम गिरी कुलिङ राख्नुपर्छ भन्ने विषयमा सबै सहमति रहेको बताउँछन्। आफू एक वर्ष कुलिङ पिरियड राख्नुपर्छ भन्ने पक्षमा रहेको उनले बताए। 'यो मेरो व्यक्तिगत धारणा हो। अब कर्मचारीको अवकासको उमेरहद पनि ६० वर्ष हुँदै छ, त्यस कारण कुनै पनि संवैधानिक वा अन्य नियुक्ति हुँदा पूरा अबधि काम गर्न नपाउने हुन्छ, त्यसकारण कुलिङ पिरियड एक वर्ष राख्नुपर्छ भन्ने मेरो मत हो,' उनले भने। अवसर लिने नाममा जिम्मेवारीबाट पदच्यूत हुने र स्वार्थ प्रेरित हुने भएकोले कुलिङ पिरियड राख्नुपर्ने उनको धारणा छ।

समितिका सदस्य एवं कांग्रेस सांसद हृदयराम थानीले भने कुलिङ पिरियड कम्तीमा दुई वर्ष बनाउनुपर्ने बताए। 'केही साथीहरूले एक वर्ष राख्नुपर्छ भन्नु भएको छ तर मेरो धारणाचाहिँ कम्तीमा दुई वर्ष कुलिङ पिरियड राख्नुपर्छ भन्ने हो,' उनले भने, 'कुलिङ पिरियड नहुँदा विकृति र विसंगति देखिएको छ।' समिति सदस्य पाण्डेले कर्मचारीमा मात्र यस्तो व्यवस्था किन ? भनेर गुनासो पनि आएको बताए। 'कर्मचारीलाई मात्र किन, न्याय सेवा नपर्ने, प्रहरी सेवा, सेनालाई नपर्ने, हामीलाई मात्र किन ? हामीलाई अन्याय भयो भन्ने कर्मचारीको गुनासो छ, उहाँको जे भनेपछि २ वर्ष नै कुलिङ पिरियड बनाउनुपर्छ, अब उहाँहरू (कर्मचारी) चुप लागेर २ वर्ष मान्नुपर्छ, उनले भने।

» बाँकी पृष्ठ ५

## अमेरिका र चीनबीच ११५ प्रतिशत कर कटौती गर्ने सहमति

**जेनेभा** (एजेन्सी) : अमेरिका र चीनले ९० दिनका लागि करको जवाफ कर भन्ने (टिट् फर ट्याट) कर नीतिमा भारी कटौती गर्ने सम्झौताको घोषणा गरेका छन्। दुई प्रमुख ठूला अर्थतन्त्रबीचको व्यापार युद्धका कारण विश्वको वित्तीय बजारलाई तहसनहस पारेको छ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टका अनुसार दुवै पक्षले ती शुल्कहरू ११५ प्रतिशत बिन्दुले घटाउन सहमत भएका छन्। यसको अर्थ अमेरिकामा आयात हुने चिनियाँ सामानमाथि ३० प्रतिशत कर लाग्ने र चीन आयात हुने अमेरिकी सामानमा १० प्रतिशत कर लगाइने छ।

सहमतिले विश्वव्यापी आर्थिक मन्दीको डर बढाएको व्यापार युद्धलाई कम गर्ने अपेक्षा गरिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वव्यापी कर वृद्धिको घोषणा गरेपछि शनिबार र आइतबार भएको पहिलो वार्तापछि विश्वका दुई ठूला अर्थतन्त्रले संयुक्त वक्तव्य जारी गर्दै तीन अंकको करलाई दुई अंकमा झार्ने र वार्तालाई निरन्तरता दिने सहमति गरेका छन्। अमेरिकी अर्थमन्त्री बेसेन्टले चीनका उपप्रधानमन्त्री हे लिफेङ र अन्तर्राष्ट्रिय व्यापार प्रतिनिधि ली चेङगाङसँग सप्ताहान्तमा भएको वार्ता 'स्वस्थ' र 'फलदायी' भएको बताएका छन्।


## बैंक कर्जामा ७.९ प्रतिशत वृद्धि, उपभोग्य वस्तुमा धेरै

**ममता थापा** | *काठमाडौं*

बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्षको ९ महिनामा ५५ खर्ब ३४ अर्ब ३४ करोड रुपैयाँ ऋण प्रवाह गरेका छन्। जुन, गत आवको यही अवधिको तुलनामा ७.९१ प्रतिशतले वृद्धि हो। अर्थात् गत वर्ष ९ महिनामा ४ खर्ब ५ अर्ब ९० करोड रुपैयाँ कर्जा प्रवाह भएको थियो।

बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य पुँजी (तरलता) पर्याप्त छ। यस वर्ष कर्जा प्रवाहको गति पनि बढेको छ। वाणिज्य बैंकले ४९ खर्ब १३ अर्ब २४ करोड ३६ लाख कर्जा प्रवाह गरेका छन्। यस्तै, विकास बैंकमार्फत ५ खर्ब १८ अर्ब ५३ करोड ९१ लाख रुपैयाँ र वित्त कम्पनीमार्फत १ खर्ब २ अर्ब ५६ करोड ३० लाख रुपैयाँ कर्जा विस्तार भएको छ। बिजुली (विद्युत्), ग्यास, पानी, उपभोग्य वस्तु र थोक तथा खुद्रा विक्रेता क्षेत्रमा कर्जा विस्तार बढेको हो। नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्ने विभिन्न १५ क्षेत्रमध्ये १३ क्षेत्रमा लगानीले राम्रै गति लिएको छ। ३ क्षेत्रमा भने घटेको छ। समग्र मुलुकको अर्थतन्त्रको तुलनामा कर्जा प्रवाहको आकार ठूलो हुँदै गएको छ।

तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थामार्फत सबैभन्दा बढी कर्जा उपभोग्य वस्तुमा गएको देखिन्छ। यो क्षेत्रमा कुल कर्जाको १९.८४ प्रतिशत गएको छ।




उपभोग्यमा मात्रै १० खर्ब ९७ अर्ब रुपैयाँ बराबरको कर्जा प्रवाह भएको छ। सो क्षेत्रमा वार्षिक कर्जा वृद्धि पनि १२.१६ प्रतिशत छ। गत आवमा ९ खर्ब ७८ अर्ब रुपैयाँ बराबरको कर्जा उपभोग्य वस्तुमा गएको थियो।

कुल कर्जामा थोक तथा खुद्रा विक्रेताहरूको अंश पनि अधिक छ। तथ्यांकअनुसार चालु आवको ७ महिनासम्ममा सो क्षेत्रमा प्रवाह भएको कर्जा कुल कर्जाको १८ दशमलव ९९ प्रतिशत छ। यो क्षेत्रमा चैतसम्म १० खर्ब ५० अर्ब ९४ करोड बराबरको कर्जा गएको छ। यो गत आवको सोही अवधिको तुलनामा २.८३ प्रतिशत बढी हो।

तुलनात्मक रूपमा उपभोग्य सामानको बढी खपत भएकाले पनि यस्ता क्षेत्रमा कर्जाको माग धेरै भएको बैंकरहरू बताउँछन्। भित्रिएको रेमिटयान्सको करिब ८० प्रतिशत उपभोग्यमै खर्च हुने अनुमान गरिन्छ। प्रायः हरेक महिना खाद्यवस्तु, लत्ताकपडा, जुत्ता लगायतका थोक तथा खुद्रावस्तुकै व्यवसायमा ग्राहकले कर्जा लैजाने गरेकोले बढी अंश हुने गर्छ। यसपछि निर्माण क्षेत्रले पनि गति लिएको छ। सो क्षेत्रमा कर्जा वृद्धि वार्षिक ६.७९ प्रतिशत बढेको छ।

**बिजुली र ग्यासमा कर्जा बढी**

बैंक तथा वित्तीय संस्थाबाट बिजुली, ग्यास र पानी क्षेत्रमा कर्जा बढेको छ। एक वर्षको अन्तरमा यी क्षेत्रमा ७२ अर्ब ३३ करोड २८ लाख ८० हजार रुपैयाँ थप कर्जा बैंकिङ प्रणालीबाट गएको छ। ती क्षेत्रमा गत आवको चैतसम्ममा ३ खर्ब ५१ अर्ब रुपैयाँ बराबरको रकम लगानी थियो। यसपछि चालु आवको सोही अवधिमा वार्षिक कर्जा वृद्धि भएर कुल ४ खर्ब २३ अर्ब ९९ करोड ९ लाख रुपैयाँ बराबरको कर्जा लगानीमा छ।

» बाँकी पृष्ठ ८